आज मिति २०७९।०९।०१ गते शुक्रबारको दिन यस बाणगङ्गा नगरपालिकाको नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | |
| ६ | छविलाल रे[illegible]नी मगर | वडाध्यक्ष | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | |
| ८ | करुण टण्डन | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष | |
| ११ | कमल पौडेल | वडाध्यक्ष | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | खिमानन्द भुसाल | सचिव | |

बाणगङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाणगङ्गा, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

# बाणगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु

### नगर कार्यपालिकाको आ.व.०७९।८० को पाँचौ बैठक २०७९।०९।०१ का प्रस्तावहरु

प्रस्ताव नं. ५.०१ यस अघिको कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,
प्रस्ताव नं. ५.०२ नदीजन्य पदार्थको कार्ययोजना सम्बन्धमा,
प्रस्ताव नं. ५.०३ चालु आ.व. ०७९।८० का लागि नदीजन्य पदार्थको आय ठेक्का बन्दोबस्त सम्बन्धमा,
प्रस्ताव नं. ५.०४ नदीजन्य पदार्थको नियमित अनुगमन सहजीकरण समिति सम्बन्धमा,
प्रस्ताव बं. ५.०५ ढल व्यवस्थापनको लागि सहलगानी सम्बन्धमा,
प्रस्ताव नं. ५.०६ विविध निर्णयहरु।

*मिति: २०७९।०९।०१, बाणगङ्गा नगरपालिका आ.व. ०७९।८० को कार्यपालिका बैठक संख्या: ५*

**प्रस्ताव नं. ५.०१**

**यस अघिको कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**निर्णय ५.०१**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस अघि कार्यापालिका बैठकमा भएका निर्णयहरु सम्वन्धमा समिक्षा गरियो। कार्यान्वयन प्रक्रियामा भएका प्रगती एवं कमी कमजोरी सम्वन्धमा आगामी दिनमा अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय सर्व सम्मतीले गरियो।

**प्रस्ताव नं. ५.०२**

**नदीजन्य पदार्थको कार्ययोजना सम्बन्धमा,**

**निर्णय ५.०२**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बाणगङ्गा नगरपालिका भित्र रहेका बाणगङ्गा, कोईली र घिरी खोलाका विभिन्न नाकाहरुबाट आ.व. ०७९।८० मा नदीजन्य पदार्थ, ढुङ्गा गिट्टी, बालुवा आदि उत्खनन् , संकलन गरी बिक्री वितरणको लागि मिति २०७९।०८।१९ गतेको कार्यपालिका बैठकबाट स्वीकृत IEE प्रतिवेदनको अधिनमा रही यस कार्यालयबाट तयार गरिएको नदीजन्य पदार्थको उत्खनन् एवम् संकलन तथा बिक्री व्यस्थापन सम्बन्धी कार्ययोजना, २०७९ स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५.०३**

**चालु आ.व. ०७९।८० का लागि नदीजन्य पदार्थको आय ठेक्का बन्दोबस्त सम्बन्धमा,**

**निर्णय ५.०३**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा चालु आ.व. ०७९।८० को लागि बाणगङ्गा नगरपालिका भित्र रहेका नदी एवम् खोलानालाहरुबाट उत्खनन् एवम् संकलन गरिने नदीजन्य पदार्थको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदनमा उल्लेखित परिमाण एवम् कार्ययोजनामा उल्लेखित बाणगङ्गा, कोईली र घिरी खोलाका तपसिल बमोजिमका नाकाहरुबाट नदीजन्य पदार्थ उत्खनन् एवम् संकलन निकासी गर्ने आय ठेक्का बन्दोबस्तको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

| सि.न. | खोलाको नाम | नदीजन्य पदार्थ संकलन गरिने क्षेत्र | संकलन गर्न सकिने वार्षिक परिमाण (घन मिटरमा) | उत्खनन् एंव संकलन गर्नु पर्ने अवधि | विक्रि गर्न सकिने वार्षिक परिमाण (घन मिटरमा) | अनुमानित वार्षिक आम्दानी |
|---|---|---|---|---|---|---|
| १ | बाणगंगा खोला १ | वनकसिया क्षेत्र १ वडा नं ६ (N २७°३८'५१.४") (E ८३°५'४१.०") | ११,१३७ घ.मि. | परिमाण पुरा नभएसम्म वा सम्झौता भएको मितिले ४ महिना सम्म | १८,४७८.५ घन मिटर | रु. ५२,२०,८७०।- |
| | | वनकसिया क्षेत्र २ वडा नं ६ (N २७°३९'३६.८") (E ८३°५'२२.०८") | ४,२०० घ.मि. | परिमाण पुरा नभएसम्म वा सम्झौता भएको मितिले २ महिना सम्म | | |
| | | भगलापुर वडा नं ६ (N २७°३८'५२" -२७°३९'३८") (E ८३°५'४७.६"- ८३°६'१८") | ३,१५० घ.मि. | परिमाण पुरा नभएसम्म वा सम्झौता भएको मितिले २ महिना सम्म | | |
| | बाणगंगा खोला २ | मधुबन बगरक्षेत्र गुरुङ डाँडा छोडि वडा नं ८ (N २७°४३'०.२" -२७°४२'२३.५") (E८३°११'०.९३"-८३°१०'४५.९") | ६२,१००घ. मि. | परिमाण पुरा नभएसम्म वा २०८० जेष्ठ मसान्त सम्म | ६२,१०० घ. मि. | रु. १,७५,३७,०४०।- |
| | बाणगंगा खोला ३ | धनेशपुर सुरु विन्दु देखि धनेशपुरको पानी ट्याङ्की पश्चिम सम्म वडा नं ८ (N २७°४०'३८.४०"- २७°४०'३२.०२") (E ८३°८'३५.०१"-८३°८'१६.७") | १०,१२५घ.मि. | परिमाण पुरा नभएसम्म वा सम्झौता भएको मितिले ३ महिना सम्म | १०,१२५ घ. मि. | रु. २८,५९,३००।- |

चक्रपाणी अर्याल
नगर प्रमुख

खिमानन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | खोजिपुर क्षेत्र वडा नं ९ (N २७°४४'१६.१५") (E ८३°७'३०.९९") | ११,७४५ घ.मि. | परिमाण पुरा नभएसम्म वा सम्झौता भएको मितिले ४ महिना सम्म | | |
| २ | कोइली खोला | बर्दवा क्षेत्र वडा नं ९ जिनुवा खेल मैदान पुर्व र औद्योगिक ग्राम पूर्व ((N २७°४३'१२.२") (E ८३°७'३०.६")) ((N २७°४३'१२.५") (E ८३°७'३०.२")) | ५४०० घ.मि. | परिमाण पुरा नभएसम्म वा सम्झौता भएको मितिले ३ महिना सम्म | १७,१४५ घ.मि | रु. ४८,४१,७४८।– |
| | | घिरी पुल बाट दक्षिणमा विल्लारा बक्सिपुर गाँउको पश्चिम तर्फको गाँउ क्षेत्र (N २७°४३'३७"-२७°४३'३०.९") (E८३°६'२७.८"-८३°६'२८.४") | ३००० घन. मि. | परिमाण पुरा नभएसम्म वा सम्झौता भएको मितिले २ महिना सम्म | | |
| ३ | घिरी खोला | भलवाडको दुर्गा मन्दिर क्षेत्र (N २७°४३'१३.५" -२७°४३'०.८") (E ८३°६'४१.०३"-८३°६'४२.०१") | ३७५० घन. मि. | परिमाण पुरा नभएसम्म वा सम्झौता भएको मितिले २ महिना सम्म | ११२५० घ.मि. | रु. ३१,७७,०००।– |
| | | सालघारीको गौतम बुद्ध आ. वि. क्षेत्र (N २७°४२'४७.७"- २७°४२'४३.३") (E ८३°६'३३.३"-८३°६'४३.८") | ४५०० घन. मि. | परिमाण पुरा नभएसम्म वा सम्झौता भएको मितिले २ महिना सम्म | | |

**प्रस्ताव नं. ५.०४**

**नदीजन्य पदार्थको नियमित अनुगमन सहजीकरण समिति सम्बन्धमा,**

**निर्णय ५.०४**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा आ.व. २०७९।०८० को लागि नगरपालिका भित्र रहेका बाणगङ्गा, कोइली र घिरी खोलाबाट नदीजन्य पदार्थ उत्खनन् एवम् संकलनका लागि ठेक्का बन्दोबस्त गरिएका नाकाहरुको नियमित अनुगमनलाई थप प्रभावकारी बनाउन निकासी हुने नाकाको नियमित अनुगमन तथा नियमनका लागि सम्बन्धित वडाध्यक्षको अध्यक्षतामा निम्न बमोजिमको वडास्तरीय अनुगमन सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

**वडास्तरीय सहजीकरण समिति:**

क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक
ख) सम्बन्धित वडाका वडा सदस्यहरु सबै - सदस्य
ग) सम्बन्धित वडाका वडा सचिव - सदस्य सचिव

**प्रस्ताव नं. ५.०५**

**ढल व्यवस्थापनको लागि सहलगानी सम्बन्धमा,**

**निर्णय ५.०५**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा शहरी खानेपानी तथा सरसफाई आयोजनाको लागि खानेपानी विभाग मार्फत स्थानीय तहको १५ प्रतिशत लागत साझेदारीमा कार्यान्वयन हुने ढल निकासको व्यवस्थापनका लागि १५ प्रतिशत लगानी गर्ने प्रतिबद्धता सहित हाललाई बाणगङ्गा नगरपालिकाको वडा नं. १ र ४ मा कार्यान्वयन हुने गरी प्रस्तावना पेश गर्ने र आवश्यक बजेट आगामी नगरसभाबाट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.०६**

**विविध निर्णयहरु,**

**निर्णयहरु ५.०६**

**१. साना दुग्ध उत्पादक कृषकहरुको लागि ग्रामिण कृत्रिम गर्भाधान अभिवृद्धि परियोजना सम्बन्धमा,**

चक्रपाणी अर्याल
नगर प्रमुख

प्रस्तुत प्रस्ताव माथि छलफल गर्दा नेपालमा साना दुग्ध उत्पादक कृषकहरुको लागि ग्रामिण कृत्रिम गर्भाधान अभिवृद्धि परियोजना सञ्चालनका लागि ईन्द्रेणी ग्रामीण विकास केन्द्र नेपाल, स्पन्देलीबाट सहमती माग भएकोमा उक्त कार्यक्रम सञ्चालनका लागि तपसिलमा उल्लेखित वडाहरुलाई निम्नानुसारको प्राथमिकतामा राखि कार्यक्रम सञ्चालनका लागि सम्बन्धित संस्थालाई सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | वडा नं. हरु | प्राथमिकीकरण |
|---|---|---|
| १ | १० र ११ | १ |
| २ | ५, ६,७,८ र ९ | २ |
| ३ | १,२,३ र ४ | ३ |

२. **वडास्तरीय योजनाहरुको अनुगमन सम्बन्धमा,**

प्रस्तुत प्रस्ताव माथि छलफल गर्दा आ.व. ०७९।८० मा सञ्चालन हुने रु. ५ लाखभन्दा कमका योजनाहरु नियमित अनुगमन गरी भुक्तानीका लागि सिफारिस गर्ने निम्न बमोजिमको वडास्तरीय अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक

ख) वडा सदस्यहरु मध्येबाट वडाध्यक्षले तोकेको १ जना सदस्य - सदस्य

ग) सम्बन्धित वडाका वडा सचिव - सदस्य सचिव

३. **विद्युत वितरण केन्द्र माग गर्ने सम्बन्धमा,**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बाणगङ्गा नगरपालिका भित्र अत्यधिक मात्रामा विद्युत खपत एवम् राजश्व असुल हुने भएकोले विद्युतको आपुर्ती व्यवस्थापनलाई प्रभावकारी बनाउन हाल सञ्चालनमा रहेको विद्युत ग्राहक सेवा केन्द्रलाई स्तरवृद्धी गरी विद्युत वितरण केन्द्र गर्ने स्थापन गर्नको लागि नेपाल विद्युत प्राधिकरणमा सिफारिस गर्ने निर्णय गरियो ।

४. **मालपोत तथा नापी कार्यालय स्थापना सम्बन्धमा,**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बाणगङ्गा नगरपालिका भित्र जग्गा सम्बन्धी कारोबारको अत्याधिक चाप भएको र हाल सञ्चालनमा रहेका मालपोत र नापी कार्यालयहरु दुरीको हिसाबले टाढा भएकोले सेवाग्राहीहरुलाई सेवाप्रवाहमा असुविधा भएको हुँदा सहजरुपमा सेवा सञ्चालनको लागि बाणगङ्गा नगरपालिका भित्र रहने गरी मालपोत तथा नापी कार्यलय स्थापनाका लागि सम्बन्धीत विभागमा सिफारिस गर्ने निर्णय गरियो ।

५. **सामुदायिक भवनको लागि बजेट विनियोजन सम्बन्धमा,**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बाणगङ्गा नगरपालिका वडा नं. ४, गजेहडा स्थित ध्रुवतारा आमा तथा भूतपूर्व सैनिक मगर समुहले सामुदायिक भवन निर्माणको लागि बजेट माग गरेको हुँदा नगरपालिकाको ५० प्रतिशत र उक्त समुहको ५० प्रतिशत लागत सहभागितामा कार्य सम्पन्न गर्ने गरी वार्षिक नगर विकास योजनाको सामुदायिक भवन निर्माणमा विनियोजित रु. १५ लाख बजेट मध्येबाट रु.५००,००० (अक्षेरपी रु. पाँच लाख) खर्च ब्यहोर्ने गरी योजना सञ्चालन गर्ने निर्णय गरीयो ।

६. **पालो पहराको रकम भुक्तानी सम्बन्धमा,**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा २०७९ सालको प्रमुख चाडपर्व दशैतिहारको समय अवधिभर नगरपालिका तथा मातहतका वडा कार्यालयहरुको सुरक्षाको लागि पालो पहरामा खटाईएका कर्मचारीहरुलाई स्वीकृत जिल्ला दररेटको न्यूनतम ज्याला रु. ५९५ नघट्ने गरी पारिश्रमिक उपलब्ध गराउने निर्णय गरीयो ।

चक्रपाणी [illegible]
नगर प्रमुख